१।११।०७८

सूर्यप्रसाद सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

कार्यपालिका बैठक संख्या :- १००

बैठक मिति :- २०७८।२।१३

अध्यक्षता :- नगर प्रमुख श्री द्वारिकलाल चौधरी

**निर्णय नं. १**

इटहरी उपमहानगरपालिका र नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभाग विच मिति २०७७।११।२१ मा भएको Participation Agreement पछि सञ्चालनमा आएको शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत यस उपमहानगरपालिकामा निर्माण हुने पूर्वाधारहरुको डिजाइन तथा सुपरभिजन गर्ने परामर्शदाता नियुक्त गर्ने सन्दर्भमा नेपाल शहरी शासकिय तथा पूर्वाधार आयोजना, आयोजना समन्वय कार्यालय, बबरमहल काठमाडौंबाट प्राप्त Design Supervision Consultant को ल.ई. TOR तथा evaluation craiteria स्वीकृत गरी विश्व बैंकबाट No-objection प्राप्त गर्नका लागि शहरी विकास तथा भवन निर्माण विभाग, नेपाल शहरी शासकिय तथा पूर्वाधार आयोजना, आयोजना समन्वय कार्यालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. २**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहित कोभिड १९ को संक्रमण हालका दिनमा इटहरी उपमहानगरपालिका क्षेत्र भित्र समेत तिब्रदरमा बढी रहेको अवस्थालाई मध्यनजर गर्दै १ (एक) थान पि.सि.आर. मेसिन खरिद तथा पि.सि.आर. ल्याब संचालनका लागि सम्भाव्यता अध्ययन गरी ५ दिन भित्र प्रतिवेदन पेश गर्न देहाय अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

देहाय

(१) नि.मे.सु.डा.योगेश चेम्जोङ, इटहरी अस्पताल - संयोजक

(२) नर्सिङ्ग अधिकृत सातौं श्री करुणा तिम्सिना, इटहरी उपमहानगरपालिका - सदस्य

(३) जनस्वास्थ्य निरिक्षक छैठौं श्री राम कुमार धमला, इटहरी अस्पताल - सदस्य

**निर्णय नं. ३**

चालु आ.ब. २०७७।०७८ मा यस उपमहानगरपालिकाबाट सम्झौता भएका, सम्झौता हुन बाँकी रहेका, किस्ता रकम निकासा भएका, किस्ता रकम निकासा हुन बाँकी रहेका विभिन्न योजनाहरुको अवस्थाको बारेमा छलफल गरियो ।

**निर्णय नं. ४**

इटहरी उपमहानगरपालिकाको संचित कोषमा रहेको रकम रु. १ करोड प्रकोप व्यवस्थापन कोषमा रकमान्तरण गर्ने र उपमहानगरपालिकाको प्रभु बैंकमा रहेको प्रकोप व्यवस्थापन कोषबाट रु. ५ लाख नेपाल बैंकमा रहेको प्रकोप व्यवस्थापन कोषमा ट्रान्सफर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस इटहरी उपमहानगरपालिकाबाट चालु आ.ब.का लागि स्वीकृत भएका र सम्झौता हुन बाँकी रहेका योजनाहरुको सम्झौता गर्ने म्याद मिति २०७८ साल आषाढ १५ गते सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको च.नं. ३५३ मिति २०७७।२।३० को प्राप्त पत्रानुसार यस उपमहानगरपालिका अन्तर्गतका ५ वटा विद्यालयका लागि कक्षा कोठा निर्माण र विद्यालयका लागि खानेपानी सहितको शौचालय निर्माणका लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत भौतिक पूर्वाधार सुधारमा रकम प्राप्त भएकोमा कोभिड १९ दोश्रो चरणको प्रकोपका कारण उक्त कार्यक्रम कार्यान्वयन गर्न समस्या भई निर्माण कार्य अगाडी बढाउन समस्या भएको र विद्यालयका लागि उक्त कार्यक्रम आवश्यक समेत देखिएकोले कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/०७८ मा उल्लेखित कार्य प्रक्रिया पुरा गरी कार्य सम्पन्न गर्न गराउनका लागि उक्त अनुदान रकम विद्यालयको खातमा निकासा गरी कार्य प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहित कोभिड १९ को संक्रमण हालका दिनमा इटहरी उपमहानगरपालिका क्षेत्र भित्र समेत तिब्रदरमा बढी रहेको अवस्थालाई मध्यनजर गर्दै विपन्न, असहायहरुलाई राहत सहयोग तथा विभिन्न स्वास्थ्य सामाग्रीहरु विभिन्न दाता तथा संघ संस्थाहरुबाट प्राप्त सहयोग संकलनका लागि इटहरी उपमहानगरपालिकामा फुड बैंक स्थापना गर्ने र उक्त फुड बैंक संचालनका लागि एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्न कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

अमानतबाट संचालन भएका रु. १,००,०००। अक्षेरेपी एक लाख भन्दा कम रकम बिनियोजित योजना सम्पन्न भएपछि सम्बन्धीत वडा अध्यक्ष, वडा सचिवको कार्य सम्पन्न प्रतिबेदन सहित वडा कार्यालयको भुक्तानी सिफारीस भएपछि मात्र भुक्तानी दिने निर्णय गरियो ।

सूर्यप्रसाद सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं. ९

चालु आ.ब. २०७७।०७८ को नगरसभाबाट स्वीकृत बजेट तथा योजना कार्यक्रम बमोजिम नगरसभाबाट स्वीकृत देहायको वडास्तरीय योजना कार्यक्रमलाई वडा समितिको सिफारीसको आधारमा देहाय अनुसार संसोधन गर्ने निर्णय गरियो ।

| क. सं | स्विकृत योजना श्रोत | स्विकृत भएको योजनाको नाम | साविक स्विकृत रकम | वडा नं | संसोधित योजनाहरुको नाम | संसोधित रकम |
|---|---|---|---|---|---|---|
| १ | वडा | सडक वत्ती मर्मत सम्भार | १,००,०००। | १ | आंपगाछी आसपासको बाटोमा मिक्सगिटी | २,००,०००। (बजेट थप) |
| २ | वडा | माफ्ीटोलबाट कन्चन चौक हुंदै बराह पैनी जाने बाटो मिक्सगिटी लगाउने | १,००,०००। | १ | | |
| | वडा | कन्चनचौक आसपासको बाटोमा मिक्सगिटी | १,००,०००। | १ | | |
| | वडा | तल्लो माफ्ीटोल आसपासको बाटोमा मिसीगटी | १,००,०००। | १ | कन्चनचौक आसपास, तल्लो माफ्ीटोल आसपासको बाटोमा मिक्सगिटी हाल्ने | ३,००,०००। |
| ३ | वडा | कृषि सम्बन्धी बिउ विजन वितरण( आदिवासी, जनजाती, दलित, मुस्लिम, पिछडावर्ग, महिला तथा अन्य | १,००,०००। | १ | हांसपोसा आसपासको बाटोमा मिक्सगिटी | २,००,०००। बजेट थप |
| ४ | वडा | नमुनाटोल आदर्शमार्ग ड्रेन तथा प्रोटेक्सनवाल | ३,००,०००। | १८ | नमुना टोलको त्रिवेणी मार्ग ड्रेन तथा प्रोटेक्सनवाल | ३,००,०००। |
| ५ | वडा | भलाद्मीटोल देखि पश्चिम पैनीमा प्रोटेक्सनवाल निर्माण | ८,००,०००। | ९ | १. सप्तकोशी मार्गको दक्षिणकाली मन्दिर जाने बाटोमा प्रोटेक्सनवाल निर्माण | ६,००,०००। (बजेट थप) |
| | वडा | | | ९ | २.जुटविकाश टोलको रेशम मार्गको ड्रेन निर्माण र पैनी व्यवस्थापन | २,००,०००। (बजेट थप) |
| ६ | वडा | १. ९ नं वडालाइ वालमैत्री वडा घोषणा सम्बन्धी कार्यकम | २,४०,०००। | ९ | | |
| | वडा | २. काशीमार्गको बाटोमा कालोपत्रे मर्मत | २,००,०००। | ९ | | |

सूर्यप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वडा | ३. भोजपुरेटोल स्थित श्रृंखला क्लव भवन निर्माण | २,५०,०००। | ९ | | |
| | वडा | ४. मनकामना मार्ग उत्तर आग्ले बाटोमा टायल निर्माण | १,००,०००। | ९ | | |
| | वडा | ५. वडाका सवै टोल विकाश भित्र निशुल्क स्वास्थ्य शिविर संचालन | १,००,०००। | ९ | | |
| | वडा | ६.विपत व्यवस्थापन सम्बन्धी कार्यकम | २५,०००। | ९ | | |
| | वडा | | | ९ | १.जुट विकाश टोलको जनजाती मार्ग टायल विछ्याउने | १,००,०००। (बजेट थप) |
| | वडा | | | ९ | २. रेशम मार्गको भित्री आग्ले बाटोमा टायल निर्माण | २,७५,०००। |
| | वडा | | | ९ | ३. एकिकृत मार्ग अगाडी कल्भर्ट निर्माण | ३०,०००। (( बजेट थप) |
| | वडा | | | ९ | ४. वालमैत्री सम्बन्धी कार्यकम | १०,०००। |
| | वडा | | | ९ | ५. समृदशिल आमा समुहको भवन निर्माण | २,००,०००। |
| | वडा | | | ९ | ६. राधाकृष्ण मन्दिर पुर्व दक्षिण तर्फ पैनीमा स्ल्याव | ३,००,०००। |
| ७ | वडा | (लक्षित वर्ग ) खेलकुद कार्यकम | २,००,०००। | ५ | रामजानकी टोलको प्रसाद चौधरीको घर पुर्व हुंदै विरेन्द्र गौतमकोल घर सम्म को इन्टरलक निर्मा कमागत | २,००,०००। |
| ८ | वडा | लक्षित वर्ग ) सिलाइ कटाइ तालिम | २,००,०००। | ५ | सिलाइ मेशिन खरिद तथा व्यवस्थापन | २,००,०००। |
| ९ | वडा | (लक्षित वर्ग ) गरिव तथा अति विपन्न नागरिक | २,००,०००। | ५ | पिपलचौक देखि डेडघरिया पैनी सम्म इन्टरलक निर्माण | २,००,०००। (बजेट थप) |

प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्वास्थ्य विमा कार्यक्रम | | | | |
| १० | वडा | १.लक्ष्मिनारायण टोलको मितेरी मार्ग कालोपत्रे | १,००,०००। | ५ | | |
| | वडा | २. वाल विकाश अनुदान कार्यक्रम | २,००,०००। | ५ | | |
| | वडा | ३. पोखरीटोल जनता क्याम्पस उत्तरको अधुरो बाटो प्रोटेक्सनवाल तथा इन्टरलक निर्माण | ३,००,०००। | ५ | बराहा टोलको राधे राधे मार्ग इन्टरलक निर्माण | ६,००,०००। |
| ११ | वडा | वालमैत्री घोषणा कार्यक्रम | १,५०,०००। | ५ | बराह टोलको बराह मार्ग इन्टरलक क्रमागत | १,५०,०००। (बजेट थप) |
| १२ | वडा | कृषि प्रोत्साहन कार्यक्रम | १,००,०००। | ५ | कोभिड प्रकोप व्यवस्थापन कोष इटहरी उपमहानगरपालिका | १,००,०००। |
| १३ | वडा | पन्चायत रजत जयन्ती आधारभुत विद्यालय विज्ञान शिक्षक व्यवस्थापन | २,४०,०००। | १९ | १. पन्चायत रजत जयन्ती आधारभुत विद्यालयमा चिल्ड्रेन पार्क निर्माण | १,४०,०००। |
| | वडा | | | १९ | २. विभिन्न २ वटा बाटोमा मिसगिटी | १,००,०००। |
| १४ | वडा | पशु इ आइ ए | १,००,०००। | १९ | १. खेलकुद सामाग्री खरिद | ४०,०००। |
| | वडा | | | १९ | २. स्वास्थ्य सामाग्री खरिद | ३०,०००। |
| | वडा | | | १९ | चिनारी महिला समुह,स्यानीटरी प्याड तालिम | १५,०००। |
| | वडा | | | १९ | ग्रामिण महिला सशक्तीकरण,बीउ विजन खरिद | १५,०००। |
| १५ | वडा | सम्झनाटोल उत्तरपट्टिको बाटोमा ग्रावेल | १,००,०००। | ११ | सम्झनाटोल शिव मन्दिर स्तरउन्नती तथा मर्मत सम्भार | १,००,०००। |

सूर्यप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | वडा | रिलायन्स पछाडी पुनम गेलालको घर देखि वडा नं १० को सिमाना सम्मको बाटोमा ड्रेन र ग्रावेल निर्माण कमागत | ३,००,०००। | ११ | भैपरी कोष( नहरको बाटो, भानस स्कुल देखि दक्षिण विश्वकर्मा टोलको बाटो, भानस स्कुल पश्चिम बट्टेमारा जाने बाटो, छिलिङ्गटार,सम्झनाटोलको भित्री बाटो तथा आवश्यकतानुसारका अन्य बाटाहरुमा ग्रावेल हाल्ने | ३,००,०००। |
| १७ | वडा | महिला सशक्तीकरण | १,००,०००। | ११ | सिलाइ मेशिन खरिद | १,००,०००। |
| १८ | | वडा स्तरिय ग्रावेल | ५,००,०००। | १३ | | |
| | | | | १३ | प्रगती टोल शान्तीटोलका विभिन्न बाटाहरु ग्रावेल | १,००,०००। |
| | | | | १३ | श्रीलाल सिमला, खिरखिरिया टोलका बाटाहरु ग्रावेल | १,००,०००। |
| | | | | १३ | गेडमहाराज,मुसाइटोल ग्रावेल | १,००,०००। |
| | | | | १३ | ग्रामथान रनिगांउ, एकता, चर्च ग्रावेल | १,००,०००। |
| | | | | १३ | सोमवार,चुनीटोल, फुलवारी टोल, टावरटोल ग्रावेल | १,००,०००। |
| १९ | | अतिविपन्न महिलाहरुलाइ स्वास्थ्य विमा तथा निशुल्क स्वास्थ्य परिक्षण | २,५०,०००। | १३ | अतिविपन्न पचास जना महिलाहरुलाइ निशुल्क स्वास्थ्य विमा | २,००,०००। |
| | | | | १३ | स्वास्थ्य चौकी खनारलाइ औषधी खरिद गरिदिनको लागी | ५०,०००। |
| २० | वडा | सुवास गौतमको घरदेखि साजलवटको घर सम्म बांकी ड्रेन तथा ग्रावेल | २,००,०००। | १३ | सुवास गौतमको घरदेखि राजलवटको घर सम्मको बाटोमा प्रोटेक्सनवाल तथा कल्भर्ट मर्मत | २,००,०००। |
| २१ | | कब्रस्थान जाने बाटोमा ड्रेन तथा ग्रावेल | २,००,०००। | १३ | नहरदेखि कब्रिस्थान जाने बाटो ग्रावेल | १,००,०००। |
| | | | | १३ | नहरदेखि शान्ती श्रृजना जाने बाटो ग्रावेल | १,००,०००। |

सूर्यप्रसाद त्रिवेदी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | | शिक्षा तर्फ | २,००,०००। | १६ | श्री सरस्वती जव्दी मा.वि.(विद्यालयको निर्णय अनुसारको कार्य) | १,००,०००। |
| | | | | १६ | श्री जव्दी आधारभुत विद्यालयको छात्र छात्रा शौचालयको भित्री बाहिरी भागमा टायल तथा कार्यालय सामाग्री खरिद | १,००,०००। |
| २३ | वडा | मर्मत सम्भार (बाटाघाटा, सडक, कार्यालय व्यवस्थापन/अन्य) | ६,००,०००। | १२ | मनोज वि.क.को घर जाने बाटो र धिरेन्द्र विश्वासको घर जाने बाटो ग्राभेल | १,००,०००। |
| | | | | १२ | समावेशी मार्गको कल्भर्ट छेउमा र सरदार टोल जाने बाटोमा ग्राभेल | १,००,०००। |
| | | | | १२ | भानु मैनालीको घर जाने बाटो र दर्जी टोल जाने बाटोमा ग्राभेल | १,००,०००। |
| | | | | १२ | संगिताको घर पूर्व ११ नं. सिमाना सम्म, लालविर मार्ग, ज्योतिस चौधरीको घर जाने बाटोमा ग्राभेल | १,००,०००। |
| | | | | १२ | स्वास्थ्य चौकी जाने बाटोमा ग्राभेल | १,००,०००। |
| | | | | १२ | दशनीको घर जाने बाटो, आइडियल स्कुल जाने बाटो र श्याम वि.क.को घर जाने बाटो ग्राभेल | १,००,०००। |
| २४ | वडा | नदि नियन्त्रण, वातावरण तथा सरसफाई तर्फ | २,५०,०००। | १२ | टेंग्रा खोला, डंग्राहाखोला सरसफाई | ७५,०००। |
| | | | | १२ | साप्ताहिक शनिबारे हाटको नाला, सप्तकोशी मार्गको नाला, ओखलढुंगे मार्ग, स्वास्थ्य चौकी मार्गको नाला | ७५,०००। |

सूर्यप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १०

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहित कोभिड १९ को संक्रमण हालका दिनमा सुनसरी जिल्लामा समेत फैलिएको भनि जिल्ला प्रशासन कार्यालय, सुनसरीबाट निषेधाज्ञा जारी गरेको र इटहरी उपमहानगरपालिका क्षेत्र भित्र समेत तिब्रदरमा संकमित बढी रहेको अवस्थालाई मध्यनजर गर्दै अग्रपंतिमा काम गर्ने स्वास्थ्यकर्मी तथा उच्च जोखिममा रही काम गर्ने देहायका कर्मचारीहरुलाई निषेधाज्ञा जारी भएको मिति २०७८।०१।१७ गते देखि नै देहाय बमोजिमको जोखिम तथा प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | क्षेत्र/स्थान | जोखिम भत्ता | | थप प्रोत्साहन भत्ता | कैफियत |
|---|---|---|---|---|---|
| | | ५०% | २५% | | |
| १ | डाक्टर ४, आइसोलेशन केन्द्र ६, स्याम्पल कलेक्शन ३, फिबर क्लिनिक २, एम्बुलेन्स चालक २, सफाई कर्मचारी २, विजुली १ | २० | | ५०% | कार्यालयमा गई हाजिर भई काम गरेको हाजिरी प्रमाणितको आधारमा ।(सम्बन्धित वडाको वडाध्यक्षबाट) |
| २ | कन्ट्याक्ट टेसिङ्ग ९, ल्याब २, स्वास्थ्य शाखा ६, शव व्यवस्थापन १ | १८ | | २५% | कार्यालयमा गई हाजिर भई काम गरेको हाजिरी प्रमाणितको आधारमा । (स्वास्थ्य शाखा, प्रमुख प्रशासकीय अधिकृत) |
| ३ | कार्यालय तर्फ (प्रमुख प्रशासकिय अधिकृत, सामाजिक विकास महाशाखा २, लेखा ३, जिन्सी १, प्रशासन २, शिक्षा २, योजना १३, राजश्व १, सूचना २, कृषि भेटनरी ५, कार्यालय सहयोगीहरू ७ | ३९ | | | कार्यालयमा गई हाजिर भई काम गरेको हाजिरी प्रमाणितको आधारमा । (प्रमुख प्रशासकीय अधिकृत) |
| ४ | वडा कार्यालयतर्फ प्रत्येक वडामा ३ जनाका दरले | ६० | | | कार्यालयमा गई हाजिर भई काम गरेको हाजिरी प्रमाणितको आधारमा । (सम्बन्धित वडाको वडाध्यक्षबाट) |
| ५ | कार्यालयका सवारी चालक (नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, योजना, शिक्षा, जे.सि.बी., हेल्पर | ८ | | | कार्यालयमा गई हाजिर भई काम गरेको हाजिरी प्रमाणितको आधारमा । (प्रमुख प्रशासकीय अधिकृत) |
| ६ | स्वास्थ्य चौकी ४ वटा, इटहरी अस्पतालका अन्य कर्मचारीहरू | | ९८ | | कार्यालयमा गई हाजिर भई काम गरेको हाजिरी प्रमाणितको आधारमा । (सम्बन्धित वडाको वडाध्यक्षबाट) |

नोटः कार्यालयले तोकिएको कामको जिम्मेवारी निर्वाह गर्ने क्रममा कोरोना पोजेटिभ भएमा बीमा नभएका कर्मचारीहरूलाई पोजेटिभ रिपोर्टको आधारमा प्रोत्साहन स्वरूप १ महिनाको तलब बराबरको प्रोत्साहन रकम उपलब्ध गराईने छ ।

प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत